नेपाल सरकार

# शिक्षक सेवा आयोग

## सानोठिमी ,भक्तपुर

**माध्यमिक तहको अध्यापन अनुमतिपत्रको विज्ञापन- २०८१/८२**

**(प्रथम पटक प्रकाशित मिति: २०८१।०४।२६ गते)**

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ग) र नियम ९ को उपनियम (७) बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका र तोकिए बमोजिमको तालिम प्राप्त गरेका इच्छुक व्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://license.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञापन प्रकाशित गरिएको छ । अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् तोकिएका कागजातहरू पेश गरी राजश्व दस्तुर बुझाई सकेपछि पेश गरिएको कुनै कागजात परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने व्यहोरा सूचित गरिन्छ । व्यक्तिगत विवरण र पेश गर्नुपर्ने कागजातहरु सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त पेश गर्नुपर्नेछ । उम्मेदवारले पेश गरेका कुनै पनि प्रमाणपत्रहरू रुजू गर्ने क्रममा यस परीक्षाको नतिजा प्रकाशनका बखतसम्म पनि फरक परेमा वा अन्यथा पाइएमा आयोगबाट त्यस्ता दरखास्त रद्द गरिनेछ ।

**१. विज्ञापन नम्बर**: ४१/०८१/८२

**२. परीक्षाको किसिम**: लिखित परीक्षा (वस्तुगत) ।

**३. दरखास्त दस्तुर**: रु. १०००/- ( एक हजार रूपैया मात्र ।)

**४. दरखास्त दिने अन्तिम मिति**: २०८१ भाद्र २३ गते ।

**५. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति**: २०८१ भाद्र ३० गतेसम्म ।

**६. उमेरको हद**: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको ।

**७. दरखास्तको माध्यम**: विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणालीमार्फत् दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://license.tsc.gov.np/मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत् दरखास्त पेश गर्न सकिनेछ । दरखास्त पेश गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको लाइसेन्स दरखस्त पोर्टलमा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ ।

**८. परीक्षा सञ्चालन हुने मिति र समय**: २०८१ कार्तिक १० गते दिउँसो १:०० बजे ।

**९. परीक्षा केन्द्र**: सम्बन्धित प्रदेश अन्तर्गतका जिल्लाहरु । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर
२०५६

उप सचिव

**१०. दरखास्त दस्तुर बुझाउने बैंक र विधि:**

आयोगको अनलाइन पोर्टलबाट फाराम भरी submit गर्नुपर्नेछ । फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने । यकिन गरिसकेपछि "दरखास्त पेश गरेको विवरण" मा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने । त्यसपछि दस्तुर बुझाउनका लागि "यहाँ क्लिक गर्नुहोस्" मा Click गर्ने । बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने ।

बैंक छनोट पश्चात् "भौचर प्राप्त गर्नुहोस" मा Click गर्ने । भौचर Generate भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । Online payment गर्नेको हकमा भौचर Generate भएपछि त्यसै पेजमा रहेको "अनलाइन भुक्तानी गर्नुहोस्" Button मा Click गर्ने । त्यसपछि online भौचर Generate हुनेछ र रकम भुक्तानी गर्न Connect IPS, E-Sewa , Khalti र IME Pay विकल्पहरु आउनेछन् । त्यसपछि Connect IPS, E-Sewa , Khalti र IME Pay मध्ये कुनै एक विकल्पमा Click गर्ने । तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने । त्यसपछि छनोट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ ।

**११. दरखास्त दस्तुर बुझाउने अवधि:**

दरखास्त दिने अन्तिम मिति २०८१/०५/२३ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८१/०५/२४ गते बैंकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ । दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्नेको हकमा मिति २०८१/०५/३० गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८१/०५/३१ गते बैकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ । तर उक्त मिति २०८१/०५/२४ गते वा मिति २०८१/०५/३१ गते सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

**१२. आवश्यक न्यूनतम योग्यता:**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ६ घ(१) बमोजिम अयोग्य नभएको र सोही नियमावलीको ९(१) ग र ९(७) बमोजिमको योग्यता पुगेको ।

(ग) तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरूले समेत दरखास्त दिन सक्नेछन् ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर

उप सचिव

**१३. अपलोड गर्नुपर्ने कागजातहरु**: नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा JPEG/PNG format ( बढीमा 200 KB) मा upload गर्नुपर्नेछ ।

**१४. विज्ञापनसम्बन्धी थप जानकारी:-**

(क) लिखित परीक्षा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो दरखास्त फाराममा सोही प्रदेश छनोट गर्नुपर्नेछ । तर एक व्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रीत नपुगेको वा कुनै शर्त राखी पेश गरिएको दरखास्तमाथि कुनै कारवाही गरिने छैन ।

(ग) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनीको योग्यता भएको (शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण नगरेको) व्यक्तिमध्येबाट परीक्षा केन्द्र रहेको सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा रहेका रोष्टरबाट लेखन सहयोगी लिनका लागि इकाइले अनुमति दिन दिनेछ ।

(च) आयोगको वेबसाइट www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम प्राप्त गर्न सकिनेछ ।

***पुनश्च: शिक्षक अध्यापन अनुमतिपत्रको अनलाईन दरखास्तमा सहज पहुँचका लागि तल दिइएको QR लाई scan गर्न सकिनेछ ।***

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर
२०५६

उप सचिव